# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/९/२४ गते शुक्रवार देखि २०६६/९/३० गते बिहिबार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९१ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४०४६ कारोबारबाट १५ करोड ६५ लाख ४० हजार रुपैयाँ बराबरका ३ लाख १३ हजार ८ सय कित्ता शेयरहरु खरीद बिक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ११.२३ प्रतिशतले ऱ्हास आएको हो । गत साता ४४४० कारोबारबाट १७ करोड ६३ लाख ८५ हजार रुपैयाँ बराबरका ३ लाख ५८ हजार ९ सय कित्ता शेयरहरु खरीद बिक्री भएका थिए । कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र ६ करोड १७ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ३९.४२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४.४५ अंकले ह्रास भई अन्तिम दिन ५३०.९६ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५११.६९ | ४३८.८२ | ३६६.४९ | ५८८.६४ | ७८२.७३ | २६५.७५ | ५६९.९९ | ५४३.१४ | ५९०.०३ | ५३५.४१ | १३१.३० | ५०.८३ |
| दोस्रो | ५१२.३५ | ४३८.८२ | ३६६.४९ | ५८२.७६ | ७८२.३१ | २६०.७८ | ५६९.७४ | ५३८.५९ | ५९०.०१ | ५३४.३४ | १३१.३४ | ५०.७९ |
| तेस्रो | ५१०.६४ | ४३८.८२ | ३६६.४९ | ५७५.७२ | ७९१.५८ | २६०.७८ | ५७०.३७ | ५३५.१९ | ५९१.८१ | ५३२.२६ | १३०.८४ | ५०.६३ |
| चौथो | ५०६.६७ | ४३८.८२ | ३६६.४९ | ५८२.७६ | ७९२.७४ | २६०.७८ | ५६९.१७ | ५३२.५० | ५९०.५३ | ५३०.८१ | १२९.८७ | ५०.३८ |
| पाचौं | ५०६.६२ | ४३८.८२ | ३६६.४९ | ५८६.२९ | ७८९.५० | २६०.७८ | ५६७.७९ | ५२९.७१ | ५९०.११ | ५३०.९६ | १२९.६३ | ५०.३९ |
| परिवर्तन | -५.०७ | ०.०० | ०.०० | -२.३५ | ६.७७ | -४.९७ | -२.२० | -१३.४३ | ०.०८ | -४.४५ | -१.६७ | -०.४४ |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १.६७ अंकले ह्रास भई १२९.६३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१ करोड ५५ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (३९.४५ हजार कित्ता) को आधारमा सन्राइज बैंक र कारोबार संख्या (८०४ वटा) को आधारमा भिबोर विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | १५.५१ |
| २ | सन्राइज बैंक | १५.५१ |
| ३ | भिबोर विकास वैंक | १४.१६ |
| ४ | बैंक अफ एशिया नेपाल | १३.०४ |
| ५ | नेपाल दुरसञ्चार कम्पनी | १०.६८ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | विजनेश डेभलपमेन्ट बैंक | हकप्रद | ३५,५७,०३९ कित्ता |
| २ | लर्ड वुद्ध फाइनान्स | हकप्रद | ३,७५,००० कित्ता |
| ३ | एभरेष्ट बैंक लिमिटेड | बोनस | १९,१६,४६३ कित्ता |
| ४ | बैंक अफ काठमान्डू | बोनस | ३३,७७,५९२ कित्ता |